# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

च.नं.:-
प.सं.:- २०८०/०८१ मिति:- २०८०/०६/०४

**गहुँको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम सम्बन्धी अत्यान्त जरुरी सूचना**

प्रथम पटक प्रकाशित मिति:२०८०/०६/०४

देवचुली नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार खाद्यान्न बाली उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत गहुँको उन्नत बीउ वितरण कार्यक्रमा सहभागीताका लागि इच्छुक कृषक, कृषक समुह तथा कृषि सहकारी संस्थाहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८०।०६।१८ गते सम्म) तपशिलमा उल्लेखित विवरण सहित देवचुली नगरपालिका कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिन्छ।

| क्र.स. | कार्यक्रम | माग गर्न सकिने जातहरु | कैफियत |
|---|---|---|---|
| १. | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान, गहुँ)। | (गौतम, तिलोत्तमा, एन एल ९७१ वा नेपाल ९७१, भृकुटी, बोर्लोग-२०२०, विजय, बी एल ४३४१, जिङ्क गहुँ १, जिङ्क गहुँ २) | बीउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ को दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) बमोजिम कायम हुने मुल्यको अधिकतम ५० प्रतिशत अनुदान व्यवस्था गरिनेछ। |

तपशिल:

१. वीउको परिमाण र किसान कार्डमा उल्लेख भएबमोजिम गहुँ खेति गरिने जग्गाको क्षेत्रफल खुल्ने गरी निवेदन ।

२. कृषक समुह र कृषि सहकारी संस्थाको सम्बन्धमा बैठकको निर्णय, नविकरण गरिएको दर्ता प्रमाणपत्र प्रतिलिपि।

३. आवश्यक जातको बीउ परिमाण र कृषकको नाम, ठेगाना, क्षेत्रफल र सम्पर्क नं अनिवार्य राख्नु पर्ने छ।

नोटः थप जानकारीका लागि देवचुली नगरपालिका कृषि विकास शाखाको फोन नं ९८६८२४४१०७ मा सम्पर्क गर्नुहोला ।

मोहन प्रसाद बरासिनी
प्रमुख प्रशासकीय अधिकृत